# हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रममा कर्मचारी भर्ना गर्दा अनियमितता गरेको सम्बन्धमा

## छानविन प्रतिवेदन

### १. उजुरीको संक्षिप्त व्यहोरा

केन्द्रमा प्राप्त उजुरीमा "काठमाडौं महानगरपालिका अन्तर्गत हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रममा कलेक्टर पद रा.प.अनं. चौथो तहको पदमा पहिले स्वयंसेवकको रुपमा मासिक रु. ८,००० खाजा खर्च दिने गरी राखिएका ७ जनासंग प्रति ब्यक्ति रु.५०,०००(पचासहजार) रकम असुल गरेर दरबन्दी भन्दा दोब्बर संख्यामा कार्यक्रम प्रमुख उदय बहादुर पसखलले कर्मचारी करारमा नियुक्ति गरेको, सो विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेपश्चात कार्यक्रम प्रमुख उदय बहादुर पसखलका छोरा उदिप पसखलले अख्तियारमा कुरा मिलाउने भनी प्रतिव्यक्ति रु.५०,००० थप माग गरेको हुँदा उक्त गैर कानूनी नियुक्ति बदर गरी पाउँन र कार्यक्रम प्रमुख र निजका छोरा माथि छानविन गरी कारवाही गरी पाउँ भन्ने ब्यहोराको उजुरी परी छानविन गरीरहेको अवस्थामा पूनः सोही कार्यालयले २०७५ सालमा ७ जना स्वयंसेवकको रुपमा खाजा खर्च दिने गरी नियुक्त गरेकोमा लुकाईछुपाई पछि ६ जनालाई कलेक्टर पदमा र १ जनालाई कम्प्युटर अपरेटर पदमा दरवन्दी भन्दा बढी कर्मचारी नियुक्त गरेको र ति कर्मचारीहरुलाई अतिरिक्त भत्ता, महानगर भत्ता, भ्रमण भत्ता, पोशाक भत्ता दिइएकाले दरबन्दी भन्दा दोब्बर नियुक्त गरिएका र अवैधानिक र कानून विपरित नियुक्त गरिएका कर्मचारीहरुको म्याद थप रद्द गरी नियुक्ति खारेज गरी तिनीहरुले खाएको तलब भत्ता समेत कार्यालय प्रमुखबाट असुल उपर गरी दिनु हुन भनी थप उजुरी परेको ।

हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमका कार्यालय प्रमुख उदय बहादुर पसखलबाट आर्थिक तथा नीतिगत भ्रष्टाचार गरेको, आफ्ना छोरा र आफन्तलाई नियुक्त गर्ने गरी ७ दिनको सूचना प्रकाशित गरी कर्मचारी नियुक्त गरेको भनी यस केन्द्रमा श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेलो सरकारको च.नं. ०४-२०१९-DEUESW मिति २०७५/११/२१ को पत्रसाथ उजुरी प्राप्त भै यस सम्बन्धमा श्री काठमाडौं महानगरपालिकासंग प्रतिकृया माग गरेकोमा उक्त कार्यालयबाट प्रतिकृया प्राप्त भएकोमा छानविन समितिलाई दिएको उजुरीको प्रकृतिसंग मिल्दोजुल्दो देखिएकाले यस फाइललाई पनि यसै संग समावेश गरिएको ।

## २. छानबिनबाट देखिएको तथ्यगत विवरणः

१. काठमाण्डौ महानगरपालिका नगर सभाको मिति २०७४ चैत्र २९ गते बसेको दोस्रो अधिवेशनले क्रमसंख्या ३ मा पारित गरेको संशोधन प्रस्तावको तालिकामा अनुसूची २ कर्मचारी दरबन्दीमा संशोधनको लागि प्रस्तावित व्यवस्थामा सब-इन्जिनियर पद ५ नयाँ, खरिदार/कलेक्टर ६ र का.स २ को दरबन्दी थप भएको, कम्प्यूटर अधिकृत एक हटाइएको भन्ने देखिएको र यस बमोजिम संशोधन गर्नुपर्नाको कारणमा सेवालाई थप प्रभावकारी बनाउन आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्ने भएकोले भन्ने देखिएको।

२. हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम मूल समितिको मिति २०७४।१२।३० मा बसेको बैठकले कर्मचारी भर्ना सम्बन्धी ऐजेन्डा नं १ मा रिक्त रहेका देहायका दरबन्दीमा करार सेवामा कर्मचारी यथासक्य छिटो भर्ना गरी सेवा तथा कार्यक्रमलाई थप प्रभावकारी र गतिसिल बनाउने निर्णय गरेको देखिएको ।

| क्र.स | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | जुनियर इन्जिनियर | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग/आर्किटेक्चर विषयमा प्रमाण-पत्र तह उत्तीर्ण गरेको। |
| २ | खरिदार/ कलेक्टर | ६ | एस.ई.ई तह उत्तीर्ण भएको |
| ३ | कम्प्यूटर अपरेटर | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त |
| ४ | ड्राईभर | २ | यातायात व्यवस्थापन विभागबाट सवारी चालक अनुमतिपत्र प्राप्त गरेको |

उल्लेखित पद तथा संख्यामा अन्तर्वाताबाट छिटो कर्मचारी भर्ना प्रकिया सम्पन्न गर्न दैनिक पत्रिकामा ७ (सात) दिने सूचना प्रकाशन गर्ने र अन्तर्वाता लिनको लागि प्रशासन महाशाखाको अधिकृत, हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमको अधिकृत, कानून महाशाखाको अधिकृत, वित्त विभागको अधिकृत रहने गरी एक समिति गठन गर्ने निर्णय गरेको देखिन्छ।

३. हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम मूल समितिको मिति २०७४।१२।३० मा बसेको बैठकले स्वयंसेवक भई काम गराउने सम्बन्धी ऐजेन्डा नं ३.मा त्यस कार्यक्रम

अन्तर्गत स्वीकृत विभिन्न पदको दरबन्दी केही संख्यामा खाली रहेकोले जनशक्ति अभावका कारण सेवा प्रवाह पूर्ण प्रभावकारी हुन नसकेको र रिक्त पदमा पदपूर्ति गर्न केही समय लाग्ने भएकोले स्वयंसेवकका रुपमा कामकाज गराउने गरी कलेक्टर पदमा सुजन महर्जन, उदय नापित, कमल पाती श्रेष्ठ, सनी श्रेष्ठ, रीसा शाक्य, रवि शाक्य, कम्प्यूटर अपरेटरमा उद्धिप पसःखल र जु.ई मा डिवस बज्राचार्यलाई स्वयंसेवकको रुपमा कामकाज गराउने निर्णय भएको देखिन्छ।

४. मिति २०७५ साल आश्विन ०७ गते बसेको हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम मूल समितिको बैठकले निर्णय नं ४ मा हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमको मिति २०७४ चैत्र ३० गतेको बैठकको पदपूर्ति सम्बन्धी निर्णय कार्यान्वयन गर्न प्रशासन विभागको मानव संशाधन महाशाखा प्रमुख श्री बखत बहादुर साउदको अध्यक्षतामा कानून महाशाखाका अधिकृत श्री चीन बज्राचार्य सदस्य र वित्त विभागका अधिकृत श्री नानीशोभा डंगोल सदस्य रहने गरी पदपूर्ति समिति गठन गर्ने र करार सेवामा कर्मचारीहरु भर्ना गर्नका लागि प्रयोगात्मक वा अन्तर्वाता लिई भर्ना प्रकृयाका लागि आवश्यक विज्ञ सदस्य, आमन्त्रीत गर्न सक्नेछ र भर्नाका लागि आवश्यक कार्यविधि समिति आफैले तयार गर्न सक्नेछ भनी निर्णय भएको देखिन्छ।

५. पदपूर्तिका लागि मिति २०७५ मंसिर १० गते देहाय अनुसार विज्ञापन गरेको पाइयो।

Vacancy announcement for the following post of Hanumandhoka Durbar Square Conservation Program. Candidates should submit scanned copies of certificates of The or qualification and experience. Short listed candidates will be informed for further process. The committee reserves the right to reject any/all application without assigning and reason whatsoever (Age 21-40 years and Experienced candidate will get high priority)

1. Computer Operator, fifth level, Required Number-1, Qualification +2 or equivalent, computer skill and work experience.
2. Collector/Assistant, forth level, Required Number-7, qualification SEE or equivalent, work experience and fluency in English language speaking.
   Service contract period will be 6 months.
   Salary as per HDSCP rules and contract. Deadline for application is December 2, 2018

६. हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमको मिति २०७६।०९।२१ को पत्रानुसार माथि उल्लेखित विज्ञापनमा कम्पूटर अपरेटर र खरिदार पदमा क्रमशः १ जना र आठ जनाको आवेदन परेको भनी जानकारी भएको र हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमबाट उपलब्ध गराइएका कागजातमा समेत माथि उल्लेखित सङ्ख्याकै आवेदनहरुको प्रतिलिपी

प्राप्त भएकोमा खरिदार/कलेक्टर पदका लागि निवेदन दिएका महेश बहादुर महर्जनको निवेदनमा निवेदकको हस्ताक्षर नभएको भनी लेखिएको पाइयो। उक्त आवेदन अन्य चरणको लागि योग्य भए नभएको वा रद्द गरिएको हो भन्ने कुराको निर्णय गरिएको संलग्न कागजातबाट देखिएन। अन्य आवेदनमा विज्ञापनका लागि माग गरिएको योग्यताबमोजिमका कागजातहरु आवेदकहरुले पेश गरेको प्राप्त प्रतिलिपीबाट देखिएको।

७. मिति २०७५ साल आश्विन ०७ गतेको मूल समितिको निर्णयबाट गठित पदपूर्ति समितिले विज्ञापन गरिएका पदहरुमा नियुक्तिका लागि ५० अंकको लिखित परीक्षा मिति २०७५।०९।१० मा र ४० अंकको अन्तर्वाता मिति २०७५।०९।१३ गते लिएको देखिन्छ।(हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमबाट प्राप्त लिखित परीक्षाको प्रश्नपत्र, आवेदकले लिखित र अन्तर्वातामा प्राप्त गरेको अंकको प्रमाणित प्रतिलिपी यस प्रतिवेदनमा राखिएको छ)

८. हनुमानढोका दरबार संरक्षण कार्यक्रम मूल समितिबाट गठित पदपूर्ति समितिले कम्प्यूटर अपरेटर, पाँचौ तहको पदको संख्या १ र कलेक्टर सहायक, चौथो तहको पदको संख्या ७ करार सेवामा ६ महिनाका लागि करारमा काममा लगाउन भनी लिखित तथा अन्तर्वातामा प्राप्त अंक, अनुभवको अंक र शैक्षिक योग्यताको अंक समेतको योगसहितको प्रतिवेदन मिति २०७५।९।१६ गते हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम मूल समितिलाई पेश गरेको देखिन्छ।

९. खरिदार/कलेक्टर र कम्प्यूटर अपरेटर पदका लागि परीक्षामा सम्मिलित आवेदकले प्राप्त गरेको अंकभार देहायअनुसार रहेको देखिन्छ।

| S.N. | Name | Experience | SEE/+2 | Written | Interview | Total Marks |
|---|---|---|---|---|---|---|
| 1 | RoshaShakya | 5 | 4 | 32 | 21.52 | 62.52 |
| 2 | Sunny Shrestha | 5 | 4 | 29 | 18.64 | 56.64 |
| 3 | SujanMaharjan | 4 | 5 | 45 | 22.8 | 76.8 |
| 4 | Ravi Shakya | 5 | 4 | 25 | 18.4 | 52.4 |
| 5 | Udaya Shankar Napit | 5 | 4 | 23 | 23.04 | 55.04 |
| 6 | Neel Kamal Patil | 4 | 5 | 30 | 20.72 | 58.72 |
| 7 | Sohel Dhoj Joshi | 3 | 5 | 30 | 20.72 | 58.72 |

१०. मिति २०७५ साल फाल्गुन १४ गते हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम मूल समितिको बैठक नं ७ बाट पदपूर्ति समितिले पेश गरेको सिफारिस अनुसार देहायका

८(आठ) जना उम्मेदवारहरुलाई करार सेवामा मिति २०७५।११।१५ गते देखि लागु हुने गरी तपशील बमोजिमको पदमा निजहरुको मासिक तलब तथा अन्य सुविधा काठमाण्डौ महानगरपालिका  हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमका अन्य कर्मचारीहरुले पाए सरह दिने गरी नियुक्ति गर्ने निर्णय भएको देखिन्छ।

कलेक्टर सहायक चौथो तह, करार सेवा

१. श्री सुजन महर्जन

२. श्री रोशा शाक्य

३. श्री सोहेल धोज जोशी

४. श्री सनि श्रेष्ठ

५. श्री उदय शंकर नापित

६. श्री नीलकमल पाति श्रेष्ठ

७. श्री रवी शाक्य

कम्प्यूटर अपरेटर, पाँचौ तह, करार सेवा

१. श्री उध्दिप पसखल

११. मूल समितिको निर्णयानुसार माथि उल्लेखित ८ जनालाई मिति २०७५।११।१५ देखि लागु हुने गरी मिति २०७६ भाद्र १४ गतेसम्मको लागि करारमा नियुक्त गरिएको नियुक्तिपत्र दिएको हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमको मिति २०७५।१।१५ को पत्रबाट देखिन्छ।

१२. मिति २०७६।०७।०७ च.नं. ६८३७ को अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाण्डौ को पत्रानुसार यस केन्द्रमा परेको समान व्यहोराको उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत परी ताँहा कार्यालयबाट छानबिन हुँदा The Rising Nepal मा ७ दिने सूचना दिई पर्याप्त निवेदन नपरेको, प्रतिस्पर्धालाई सिमित गरी लोक सेवा आयोगको सामान्य सिद्धान्तलाई आत्मसात गर्न उदासिनता देखाएको र कर्मचारी भर्ना सम्बन्धी कार्य र मनसाय स्वच्छ र कानून सम्मत भन्न सकिने अवस्था नहुँदा अब उप्रान्त करारमा कर्मचारी नियुक्ति गर्दा पारदर्शी र निष्पक्षरुपमा गर्न गराउन भनी श्री काठमाण्डौ महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, काठमाण्डौलाई सुझाव दिएको देखिन्छ।

१३. निवेदकबाट रु.५००००।— असुल गरेको भन्ने उजुरीका सम्बन्धमा कलेक्टर पदमा नियुक्त भएकाहरु मध्ये नमुनाका आधारमा फोनबाट यस विषयमा सोधपुछ गर्दा कोही कसैबाट कुनै पनि किसिमकालागि रकम माग नभएको भनी जवाफ प्राप्त भएको ।

## ३. निष्कर्षः

हनुमानढोका दरबारक्षेत्र संरक्षण कार्यक्रम संचालन निर्देशिका,२०७३ अनुसार हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमको लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्ने काम मूल समितिको भएको र मूलसमितिको सिफारिस बमोजिमको कर्मचारी दरबन्दी का.म.पा. नगर सभाबाट स्वीकृत गरि स्वीकृत दरबन्दीमा कर्मचारी नियुक्ति गर्दा मूल समितिले निर्धारण गरे बमोजिमको प्रकृया पुरा गरि पदपूर्ति गरिनेछ भन्ने व्यवस्था भएको देखिन्छ।सोही बमोजिम हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम मूल समितिले खरिदार/कलेक्टर पदको लागि संख्या ६ र कम्प्यूटर अपरेटरको लागि संख्या १ मा करार सेवामा कर्मचारी भर्ना गर्न दैनिक पत्रिकामा ७ (सात) दिने सूचना प्रकाशन गर्ने र अन्तर्वाता लिनको लागि एक पदपूर्ति समिति गठन गर्ने निर्णय भएबमोजिम मिति २०७५ मंसिर १० गते The Rising Nepal दैनिक पत्रिकामा पदपूर्तिका लागि विज्ञापन गरेको, विज्ञापन गरिएका पदहरुमा गठित पदपूर्ति समितिले लिखित परीक्षा र अन्तर्वाता लिएको र छनौट भएका उम्मेदवारहरुलाई करारमा ६ महिनाको लागि काममा लगाउन उम्मेदवारहरुको योग्यताक्रम सहितको नामावली सहितको प्रतिवेदन पेश भई मूल समितिको मिति २०७५।११।१४ मा बसेको बैठकले सिफारिस भएका ८ जना उम्मेदवारहरुलाई मिति २०७५।११।१५ देखि लागू हुने गरी करारमा नियुक्त गर्ने निर्णय भई हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमको मिति २०७५।१।१५ को पत्रबाट मिति २०७५।११।१५ देखि लागु हुने गरी मिति २०७६ भाद्र १४ गतेसम्मको लागि करारमा नियुक्त गरिएको नियुक्तिपत्र दिएको देखिन्छ।

यसरी हनुमानढोका दरबारक्षेत्र संरक्षण कार्यक्रम संचालन निर्देशिका, २०७३ को व्यवस्था बमोजिमको कार्यविधि अवलम्बन गरी करारमा कर्मचारी नियुक्त गरेको देखिन्छ।तर कार्यक्रमको  अनुसूची-२ मा स्वीकृत दरबन्दी संरचनामा कम्प्युटर अपरेटर पदको लागि कूल दरबन्दी-१ मा हाल कार्यरत -१ र रिक्त दरबन्दी समेत -१ रहेको देखिएको हुँदा कम्प्युटर अपरेटर पद रिक्त पद हो वा होइन र रिक्त भएको पदमा माथिको विज्ञापन गरिएको हो वा होइन भन्ने स्पष्ट नभएकाले सो सम्बन्धमा जानकारीका लागि हनुमानढोका दरवार क्षेत्र संरक्षण कार्यक्रम मौखिक रुपमा सोधपुछ गर्दा मिति २०७५/८/१० गते The Rising Nepal मा

प्रकाशित विज्ञापन पूर्व उक्त पदमा कोही पनि कर्मचारी कार्यरत नभएकोले उक्त पदको लागि कार्यरत कर्मचारीको कोठामा खाली(०) हुनुपर्नेमा टाइप गर्दा १ जवान लेखिएको र नियम ३० कर्मचारीको कार्य विवरण ढाँचासंग सम्बन्धित अनुसूची (२) को (ङ) कम्प्युटर अपरेटर पदको सेवा प्राविधिक हुनुपर्नेमा विविध भएको भनी च.न. २१४ मिति २०७६।१०।२४ को पत्रबाट लेखी आएको। साथै मूल समितिको मिति २०७४।१२।३० को निर्णयानुसार खरिदार/कलेक्टर पदको लागि स्वीकृत दरबन्दी संख्या ६ भएकोमा विज्ञापन गर्दा खरिदार/कलेक्टर पदको लागि संख्या ७(सात) माग भएको देखिएकोमा सो बारेमा जानकारी माग गर्दा मिति २०७६।०९।२१ च.नं १७२ को पत्रबाट २४ जना दरबन्दी अनुसार खरिदार/कलेक्टर १८ जना कार्यरत रहेकोमा १ जना कार्यरत कर्मचारीले राजिनामा दिइएकोले सो पद समेत थप गरी ७ जना कलेक्टर पदको लागि विज्ञापन भएको भन्ने जवाफ प्राप्त भएको।

तसर्थ प्रस्तुत उजुरीमा उल्लेख भएबमोजिम हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रममा मोटो रकम असुल गरेर दरबन्दी भन्दा दोब्बर संख्यामा कर्मचारी करारमा नियुक्ति गरिएको भन्ने देखिंदैन।तर हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रममा कम्प्युटर अपरेटर पदका लागि जम्मा १ जनामात्रको आवेदन परी निजलाई नै उक्त पदको लागि नियुक्त गरिएको र खरिदार/कलेक्टर पदका लागि पनि ७ जनाको विज्ञापन भएकोमा ८ जनाको मात्र निवेदन परी त्यसमध्ये ७ जनाको निवेदनलाई स्वीकृत गरी उक्त ७ जनालाई नै खरिदार/कलेक्टर पदमा नियुक्त गरेको देखिन्छ। यसरी पर्याप्त निवेदन नपरेको अवस्थामा सिमित आवेदकहरुबाट नियुक्ति गरिएको हुँदा स्वच्छ प्रतिस्पर्धाको सिद्धान्तको र भर्ना सम्बन्धी सामान्य सिद्धान्तको अवलम्बन गर्न उदासिनता देखाइएको पाइयो।

## ५. सुझावः

कुनै पनि पदबमोजिमको कार्यसम्पादन राम्ररी होस भन्नाको लागि त्यस पदमा सम्भावित उम्मेदवारहरुबीच प्रतिस्पर्धा हुनु आवश्यक र महत्वपूर्ण हुन्छ। व्यक्तिको योग्यता, दक्षता, विषयवस्तुको ज्ञान आदि मापन गर्ने आधार नै उक्त पदका लागि सम्भावित उम्मेदवारहरुबीचको प्रतिस्पर्धा हो। भर्नाको सिद्धान्तले पनि योग्य, दक्ष कर्मचारीको छनौट गर्न संभावित उम्मेदवारबीच प्रतिस्पर्धा गराई ती मध्ये उत्कृष्टको छनौट गर्नु पर्ने कुरालाई आत्मसाथ गरेको पाइन्छ। यो सिद्धान्त करारमा कर्मचारी भर्ना गर्दा समेत अबलम्बन गर्नु

आवश्यक हुन्छ भन्ने कुरालाई नकार्न सकिदैन। तसर्थ, आगामी दिनमा करारमा कर्मचारी भर्ना/नियुक्त गर्दा स्वच्छ प्रतिस्पर्धाको सिद्धान्तलाई आत्मसाथ गर्दै निष्पक्ष र पारदर्शी ढंगबाट गर्नु/गराउनु भनी काठमाडौं महानगरपालिका र हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमलाई सुझाव दिने।

४. **राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।११।१२ को निर्णयः**

काठमाडौं महानगरपालिका अन्तर्गतको हनुमानढोका दरबार संरक्षण कार्यक्रममा करारमा कर्मचारी अनियमित तरीकाले भर्ना गरेको भन्ने उजुरीको सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदन माथि छलफल हुँदा प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्न काठमाडौं महानगरपालिका र अनुमानढोका संरक्षक कार्यक्रमलाई निर्देशन दिई उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो ।